COMMONWEALTH OMBUDSMAN
OVERSEAS STUDENTS

# अन्तर्राष्ट्रिय विद्यार्थी – शुल्क तथा रकम फिर्ता

यस जानकारी पत्र **शुल्क तथा रकम फिर्ता (refund)** बारेमा हो। अन्तर्राष्ट्रिय विद्यार्थीहरु शुल्क तथा फिर्ताको विषयमा उनीहरुको शिक्षा प्रदायकसँग असहमत हुँदा हामीलाई उनीहरुबाट प्राप्त हुने साझा सवालहरुका उत्तरहरू हामीले यसमा समावेश छ।

## यदि मैले आफ्नो कोर्सबाट निस्किए (withdraw) भने के मैले रकम फिर्ता पाउँछु?

यो कुरा तपाईको **लिखित सम्झौता**ले के भन्छ त्यसमा भर पर्छ। केही प्रदायकहरुले तपाईको पढाई शुरू हुनु पहिले वा शुरू भईसकेपछि पनि तपाईले कोर्सबाट निस्किनु भएमा रकम फिर्ता भुक्तानी गर्छन् तर अरुले त्यसो गर्दैनन्। तपाईको **अधिकार तथा कर्तव्य**लाई तपाईको लिखित सम्झौतामा उल्लेख गरिएको हुनुपर्छ।

यदि तपाईसँग तपाईको लिखित सम्झौताको प्रतिलिपि छैन भने प्रदायकसँग  एक प्रति माग्न सक्नु हुन्छ। यदि तपाईले १ जनवरी २०१८ पछि लिखित सम्झौतालाई स्वीकार्नु भएको भए त्यसको प्रतिलिपिलाई राख्नु तपाईको कर्तव्यमा पर्छ।

## मेरो भिसा अस्वीकार गरिएको थियो, के मैले रकम फिर्ता पाउँछु?

हो। यदि तपाईको विद्यार्थी भिसा अस्वीकृत भएको छ र तपाईको कोर्सबाट निस्कनुको कारण यो हो भने तपाईको भिसा अस्वीकार गरिनुको कारण जे भए पनि तपाईले रकम फिर्ता पाउने हक रहन्छ।

तपाईले आफ्नो कोर्स शुरु गर्नुपूर्व तपाईको भिसा अस्वीकृत भएको छ भने पाँच प्रतिशत वा $५०० (जुन रकम कम हुन्छ त्यही) भन्दा नबढाइकन प्रशासनिक शुल्क काटेर तपाईले आफ्नो रकम पूरै फिर्ता लिने अधिकार रहन्छ।

तपाईको कोर्स शुरु भइसकेपछि तपाईको भिसा अस्वीकृत भएमा तपाई कोर्सबाट निस्किएको मितिपछि कोर्सको बाकी अंशको शुल्क फिर्ता पाउने अधिकार हुन्छ।

## मैले आफ्नो कोर्स शुरु गर्नुपूर्व मेरो शिक्षा प्रदायकले मलाई कति रकम तिर्नका लागि भन्नेछ?

यदि तपाईको कोर्स २५ हप्ताभन्दा बढी छ भने तपाईको शिक्षा प्रदायकले तपाईले कोर्स शुरु गर्नुपूर्व आधाभन्दा बढी अध्ययन शुल्क तिराउनु सक्दैन। तपाईले कोर्स शुरु हुनुअगाडि आधाभन्दा बढी तिर्न रोज्न सक्नुहुन्छ तर तपाईले त्यसो गर्नुपर्दैन। तपाईले लिखित सम्झौता स्वीकार्नुअघि तपाईको प्रदायकले तपाईबाट रकम लिन पाउँदैन।

यदि तपाईको कोर्स २५ हप्ता वा कमको छ भने तपाईको प्रदायकले कोर्स शुरु हुनुअगाडि तपाईबाट पूरा कोर्स शुल्क लिन सक्छ।

कोर्सको लम्बाइ जे भए पनि एकपटक तपाईले कोर्स शुरु गरिसकेपछि तपाईको प्रदायकले तपाईबाट पुरा कोर्स शुल्क लिन सक्छ।

## शुल्क तथा रकम फिर्ताका सम्बन्धमा तपाईको प्रदायकसँग कसरी विवादमुक्त हुने

तपाईको **लिखित सम्झौता**मा शुल्क, रकम फिर्ता वा कोर्सबाट निस्कने बारेमा के भनिएको त्यसलाई राम्ररी बुझ्नु होस्। तपाईको लिखित सम्झौतामा कसरी रकम फिर्ताको लागि आवेदन दिने भन्ने उल्लेख गरिइको हुनु पर्छ। रकम फिर्ताको लागि सही तरिकाले निवेदन दिनु महत्वपूर्ण हुन्छ। प्रायः रकम फिर्ता आवेदनलाई लिखित रुपमा गरिनुपर्छ र कहिलेकाहीँ प्रदायकसँग विशेष फाराम हुन्छ।

यदि तपाईको प्रदायकले तपाईले रकम फिर्ता पाउने हक नरहेको निर्णय गर्छ र तपाईलाई यो निर्णय गलत लाग्छ भने प्रदायकको **आन्तरिक** उजुरी तथा पुनरावेदन प्रकृयामार्फत् तपाईले उजुरी गर्न सक्नुहुन्छ। तपाईको शिक्षा प्रदायकले

हामीलाई सम्पर्क गर्नुहोस्
ombudsman.gov.au
1300 362 072

GPO Box 442
Canberra  ACT  2601

तपाईको लिखित सम्झौता हेर्नुहोस्

तपाईको लिखित सम्झौताले तपाईको प्रदायकको रकम फिर्ता नीति तथा त्यसका लागि कसरी आवेदन दिने भन्ने रुपरेखा प्रस्तुत गरेको हुनुपर्छ।

Commonwealth Ombudsman एक निःशुल्क सेवा हो।

के तपाईले हाम्रो भिडियो हेर्नुभयो? हेर्नका लागि QR कोड स्क्यान गर्नुहोस्

गलत निर्णय गरेको भनेर तपाई किन सोच्नुहुन्छ र कसरी तपाईको फिर्ताको हक छ भनेर स्पष्टरुपमा बयान गर्न जरुरी हुन्छ।

तपाईले आफ्नो शिक्षा प्रदायकले तपाईसँग गलत तरिकाले रद्द शुल्क लिइराखेको भन्ने तपाईलाई लागेमा पनि तपाईले शिक्षा प्रदायकको उजुरी तथा पुनरावेदन प्रकृयालाई प्रयोग गर्न सक्नुहुन्छ ।

यदि तपाई त्यो प्रकृयाको नतिजासँग सन्तुष्ट हुनुहुन्न भने र तपाई अझै पनि प्रदायक गलत छ भन्ने सोच्नुहुन्छ भने तपाईले Commonwealth Ombudsman जस्ता **बाह्य** उजुरी निकायमा आफ्नो समस्या बारे उजुरी गर्न सक्नुहुन्छ।

## मैले कसरी बाह्य उजुरी गर्न सक्छु?

यदि तपाई **निजी शिक्षा प्रदायक**सँग अध्ययन गरिरहेको अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने तपाईले Commonwealth Ombudsman लाई उजुरी गर्न सक्नुहुन्छ। अमबडस्मनले वर्तमान वा भुतपूर्व विद्यार्थीहरुले अष्ट्रेलियाका निजी विद्यालय, कलेज वा विश्वविद्यालय (शिक्षा प्रदायक) हरूसँगको समस्याका बारेमा परेका उजुरीहरुलाई अनुसन्धान गर्छ। तपाईले हाम्रो अनलाइन फाराम भर्न सक्नुहुन्छ वा हामीलाई 1300 362 072 मा फोन गर्न सक्नुहुन्छ। कसरी उजुरी गर्ने वा हामीलाई सम्पर्क गर्ने बारे थप जानकारीका लागि ombudsman.gov.au हेर्नुहोस्।

यदि तपाई **सार्वजनिक (सरकारी) शिक्षा प्रदायक**कहाँ अध्ययन गरिरहेको अन्तर्राष्ट्रिय वा स्वदेशी विद्यार्थी हुनुहुन्छ भने तपाईले सम्बन्धित राज्य वा प्रान्तका अमबडस्मनलाई[1] मा उजुरी गर्न सक्नुहुन्छ।

## अरु कसले मलाई मद्दत गर्न सक्छ?

तपाईले हाम्रो वेबसाइटमा गएर तपाईलाई मद्दत गर्नसक्ने अन्य संस्थाहरुको उपयोगी लिङ्कहरु (useful links)[2] को सूची प्राप्त गर्न सक्नुहुन्छ।

## मामिला अध्ययन

Hanne*, जो डेनमार्कबाट अष्ट्रेलियमा अध्ययनका लागि आईन, उनले हाम्रो कार्यालयमा उनको शिक्षा प्रदायकले आफूले कोर्सबाट निस्किसकेपछि उनलाई रकम फिर्ता नदिने बारे उजुरी गरिन्। हामीले प्रदायकसँग लिखित सम्झौताको प्रतिलिपि माग्यौँ। प्रदायकले हामीलाई बतायो कि हानाले छोडेको कोर्सका लागि यसले लिखित सम्झोता गरेको थिएन। बरु, प्रदायकले अघिल्लो लिखित सम्झौताको भर परेको थियो, जुन पहिला सोही कोर्स प्रदान गर्दाको सम्झौताथियो र जुन कोर्सबाट समेत Hanne कोर्स शुरू हुनु भन्दा अगावै निस्किसकेकी थिइन्। यस मामिलामा, अघिल्लो सम्झौता स्वीकृत भइसकेपछि अध्ययन अवधि तथा कोर्स शुल्क दुवै परिवर्तन भइसकेका थिए। तसर्थ प्रदायकले अघिल्लो लिखित सम्झौतासँग भर पर्न सक्दैनथ्यो। हामीले सिफारिस गर्‍यौँ कि प्रदायकले हानालाई रकम फिर्ता दिनुपर्छ। प्रदायकले हाम्रो सिफारिसलाई स्वीकार गर्‍यो र हानालाई रकम फिर्ता गर्‍यो।

Jonathan*, जो मलेसियाबाट अष्ट्रेलियामा अध्ययनका लागि आएका थिए, एक शिक्षा प्रदायकसँग भर्ना भए र पढाई शुरु गरेपछि कोर्स परिवर्तन गर्ने निर्णय गरे। लिखित सम्झौताले भन्थ्यो कि विद्यार्थीहरुले पढाई शुरु भइसकेपछि रकम फिर्ता पाउने हक राख्दैनन्। उक्त लिखित सम्झौता कानुनअनुसार थियो र हामीले प्रदायकको निर्णयलाई नै कायम गर्‍यौं। Jonathan ले रकम फिर्ता पाएनन्।

थप जानकारी ombudsman.gov.au मा उपलब्ध छ।

कृपया याद गर्नुहोस्: यस कागजातको आसय निर्देशन गर्ने मात्र हो। तसर्थ यसका जानकारीलाई कानुनी सुझावका रुपमा भर पर्नु हुँदैन वा व्यक्तिगत मामलामा कानुनी सुझावको बिकल्पको रुपमा लिइनु हुँदैन। यस कागजातमाथि भर परेर परिणामस्वरुप कुनै नोक्सानी वा क्षति भएमा कानुनले दिइएको अधिकतम हदसम्म Commonwealth Ombudsman जवाफदेही हुनेछैन। यसमा उद्धृत धेरैजसो ऐनहरुको अद्यावधिक संस्करणका लागि कृपया कानुनको संघीय रजिष्टर Federal Register of Legislation मा हेर्नुहोस्।

[1] http://www.ombudsman.gov.au/what-we-do
[2] http://www.ombudsman.gov.au/How-we-can-help/overseas-students/useful-links
* गोपनियताको लागि नाम र देश परिवर्तन गरिएको छ